# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग २ गते २०२० साल

श्री ५ को सरकार

### स्वास्थ्य नहर तथा बिद्युत् मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको "आयुर्वेदीय छात्रबृत्ति सम्बन्धित नियमहरू, २०१९" सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "आयुर्वेदीय छात्रवृत्ति सम्बन्धी नियमहरू, २०१९" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

(क) "छात्र" भन्नाले नेपाल राजकीय आयुर्वेदीय विद्यालयमा अध्ययन गरिरहेका वा अध्ययन गर्न इच्छुक मोफसलका छात्र सम्झनुपर्छ,

स्पष्टीकरणः– मोफसल भन्नाले काठमाडौं उपत्यका बाहेक नेपाल अधिराज्यको अरू ठाउँ सम्झनुपर्छ।

(ख) "आयुर्वदीय विभाग" भन्नाले स्वास्थ्य मन्त्रालय अन्तर्गतको आयुर्वेदीय विभाग सम्झनुपर्छ।



६७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समिति गठन गर्ने श्री ५ को सरकारको अधिकारः– (१) छात्रहरूलाई छात्रवृत्ति प्रदान गर्ने कामको सिफारिश गर्नकोनिमित्त श्री ५ को सरकारले समय समयमा समिति गठन गर्न सक्नेछ ।

(२) उप–नियम (१) बमोजिम गठित समितिले नियम ५ मा उल्लेख गरे बमोजिमको सिफारिश श्री ५ को सरकार छेउ पेश गरेपछि उक्त समिति स्वतः विघटित हुनेछ ।

४. छात्रवृत्तिको लागि दरखास्त माग्नेः– नियम ६ मा उल्लेख गरे बमोजिमको आचार्य वा शास्त्रीको छात्रवृत्ति लिन चाहने छात्रले आफूले पाएको श्रेणी र मार्कशीटको नम्बरसमेत खोली समिति छेउ दरखास्त दिनु भनी समितिले सूचना प्रकाशित गर्नेछ र सोही सूचनामा दरखास्त दिने म्याद पनि तोकिदिनेछ ।

५. समितिले योग्यायोग्य छुट्याई सिफारिश पेश गर्नेः– (१) समितिले देहायको कुरा र उप–नियम (२) बमोजिम अन्तर्वार्ता वा जांच लिएकोमा सोसमेत विचार गरी छात्रवृत्ति प्रदान गर्नको लागि श्री ५ को सरकार छेउ सिफारिश गर्नेछः–

(क) विद्यार्थीले प्राप्त गरेको श्रेणी, र

(ख) विद्यार्थीले प्राप्त गरेको मार्कशिटको नम्बर ।

(२) उप–नियम (१) मा लेखिएका कुराले मात्र पर्याप्त नसम्झेमा समितिले अन्तर्वार्ता वा लिखित जांच लिन सक्नेछ ।

६. छात्रवृत्तिः– छात्रलाई देहाय बमोजिमको छात्रवृत्ति दिइनेछः–

(क) शास्त्री अध्ययन गर्नको लागि मासिक रू. ३०।– तीस,

(ख) आचार्य अध्ययन गर्नको लागि मासिक रू. ४५।– पैंतालीस ।

७. छात्रवृत्ति प्रदान गरिएको निर्णय आयुर्वेदीय विभागलाई दिनेः– यी नियमहरू बमोजिम छात्रवृत्ति प्रदान गर्नको निमित्त सिफारिश गरिएको कुनै छात्रलाई श्री ५ को सरकारले छात्रवृत्ति दिने निर्णय गरेमा त्यसको सूचना आयुर्वेदीय विभागलाई दिनेछ र आयुर्वेदीय विभागले श्री ५ को सरकारको निर्णयानुसार त्यस्तो छात्रलाई उक्त छात्रवृत्ति दिन दिलाउनेछ ।

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार

# स्वास्थ्य नहर तथा विद्युत् मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले काठमाडौं खाने पानीको निमित्त सुन्दरीजल पावर हाउसबाट पानी ल्याउने योजनाको सार्वजनिक कामलाई निम्न लेखिए बमोजिमको जग्गा प्राप्त गराइदिने निर्णय गरेकोले जग्गाको धनीले जग्गाको मोल र सो लिंदाको अरू नोक्सानी बापत यस ऐन बमोजिम क्षतिपूर्ति पाउने कुरा खुलाई दरखास्त दिन यो सूचना प्रकाशित गरिएकोछ ।

(क) ११४ नम्बर मौजा सुन्दरीजलको प्रारम्भिक कारवाइबाट देखिएको निम्नलिखित ४ किल्लाभित्रको श्री स्वालमतेश्वर महादेवका पूजाहारीलाई जिन्सी नै बुझाउने गुठीको जग्गा रोपनी २२।॥ काठमाडौं माल पहिलामा मालपोत तिर्नुपर्ने रैकर र पाखा गरी रोपनी ९॥ पर्ति रोपनी ।।ऽ।। सुन्दरीजल जाने सडक१।= कुलो मै रहेको १। समेत ३४॥= र सो जग्गामा बनिरहेको शिवहरि सिखडा जैसीको कच्ची घर १ र बहिदार मुक्तिनाथ श्रेष्ठको पक्की घरहरू ।

पैलेको नापी नम्बर १८७।१८६ का गुठी जग्गाको हाल मोही भक्तबहादुर खत्री पुंडासैंनी नम्बर १७८ का गुठी जग्गाको अम्बरबहादुर खत्री नम्बर १७२ को जगतमान सुवालको पाखा जग्गाको कित्ताहरू समेतमा ठाउँ, ठाउँ खोटाकिला ठोकिएको ४१० फुट लामोदेखि पूर्व,। पैलेको नापी नम्बर १०० र ९७ शिवहरि सिंखडा जैसीको नम्बर १०१ कृष्णहरि सिंखडा, नापी नम्बर १०२ र पीताम्बर सिंखडा जैसी नम्बर १०४ काली सिंखड्नी नम्बर १०५ न्हुछेनारायण श्रेष्ठसमेतको जग्गा कित्ताहरूमा ठाउँ, ठाउँमा खोटा किलाहरू ठोकिएको ५५५ फुट लामोदेखि पश्चिम सडकदेखि पश्चिम ३९० नम्बर पर्ति र खहरे खोलाबाट पश्चिमतर्फ लमाई फुट १९५ पूर्वतर्फ सडक र नम्बर १०० शिवहरि सिखडा जैसीको कित्तासम्म १२५ फुट लामोसमेतदेखि उत्तर ।

पैलेको नापी नम्बर १७२।१७३।१८० गुठी र पाखा जग्गाको मोही जगतमान सुवाल नम्बर १८१ सुन्दरीजल पावर हाउस क्याम्पसम्म २२५ फुट लामोदेखि ६० फुट माथि उत्तरै नम्बर १८२ को गुठी जग्गाको मोही सुन्दरमान माकजु नम्बर १८३ को गुठी जग्गाको मोही बहिदार मुक्तिनाथ श्रेष्ठको १६५ फुट लामोसमेतदेखि दक्षिण ।

(ख) उक्त ४ किल्लाभित्र परेको लिने जग्गाको पूर्ण विवरण ।

७८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| जग्गा कित्ता नम्बर | रोपनी | तिरो लागेको | तिर्नुपर्ने ठाउँ | जग्गा धनीको नाउँ थर वतन | मोहीको नाउँ थर वतन। | लिनेभएको जग्गा |
|---|---|---|---|---|---|---|
| १०० | २≡॥ | धान १।३ गहूं ।२ घ्यू ।७ | का.मा.पैला नं. २९८८ | शिवहरि सिंखडाजैसी सुन्दरी जल वराटार | निज शिवहरी | १ऽ॥ |
| ९७ | ७॥≡॥ | धान ६।१७ गहूं ।१२ घ्यू ।४१ | ऐ. ३०२५ | ऐ | ऐ | १⌐॥ |
| १०१ | ३=॥ | धान ४।१२ गहूं ७।४ घ्यू ।२७ | ऐ. ३०२५ | कृष्णहरि सिंखडा जैसी सुन्दरीजल वरा-टार | निज कृष्णहरि | १।⌐ |
| १०३ | २। | धान ३।८।४ गहूं ।५।५ घ्यू ।२५ | ऐ. २११६ | ऐ | ऐ | २। |
| १८४ | १॥⌐॥ | धान ।५। घ्यू ।३।१ | ऐ. १४५३ | ए | ऐ | १॥⌐॥ |
| १०२ | २॥= | धान ३।८।४ गहूं ।५।५।७ घ्यू ।२५ | ऐ. २९०४ | पीताम्बर सिंखडा जैसी सुन्दरीजल वरा टार | निज पीताम्बर | ।⌐ |
| १०४ | ॥≡ | धान ।११ गहूं । । ७ घ्यू ।३ | ऐ. ३०२५ | काली सिंखडानी ऐ | निज काली | ॥=॥ |
| १०५ | १।ऽ। | धान ।११ गहूं । । ७ घ्यू ।३ | ऐ. ३०२५ | न्हुछेनारायण श्रेष्ठ सुन्दरी जल | निज न्हुछे-नारायण। | =॥ |
| १७३ | ३॥ | सेर्मा ।४८ | ए. | जगतमान् सुवाल सुन्दरी जल वराटार | निज जगत-मान | ⌐॥ |
| १७९ | ≡॥ | सेर्मा ।४८ | ऐ. | अम्बरबहादुर खत्री | निज अम्बर बहादुर | =॥ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८१ | ५।।।. | – | – | सुन्दरीजल पावरहाउस | सुन्दरीजल पावर हाउस | ।¯। |
| ?७८ | ६।।≡ | धान ४। गहूं ।४ घ्यू ।२५ | पूजाहारी गोपालप्रसाद | स्याल मतेश्वर महादेवको गुठीमा दरिएको पूजाहारी गोपालप्रसाद | अ॰ बरबहादुर खत्री चांगुवराटार । | ४।।।≡ |
| १८० | ≡।।। | धान ।१५ | ए | ए | जगतमान सुवाल चांगु वराटार | – |
| १७२ | १।¯। | श्रीमहादेवलाई फुल चढाउने । | ए | ऐ | ऐ | ।ऽ। |
| १८२ | ।।।= | धान ।१० गहूं ।४ घ्यू ।३ | ए | ऐ | सुन्दरमान माकजु वराटार | ।।।¯ |
| १८३ | ७।। | धान ५।१६ गहूं ।६ घ्यू ।२५ | ए | ए | ब.मुक्तिनाथ श्रेष्ठ सुन्दरीजल | ६।।। |
| १८७ | ७।=। | धान ४ गहूं ।४ घ्यू ।२५ | ए | ऐ | भक्तबहादुर पुंडा सैनी । | २।।।≡ |
| १८६ | २।¯।। | श्रीमहादेवलाई फुल चढाउने । | ऐ | ए | ए | १। |
| १८५ | ५¯।। | धान ४। गहूं ।४। घ्यू ।२५ | ऐ | ऐ | बद्री सिंखड वराटार । | ५¯।। |
| ३९० | १≡।। | – | – | पर्तिजमीन | | ।।ऽ।। |
| | | | | सडककोजमीन | | १।= |
| | | | | कुलोकोजमीन | | १।¯ |
| | | | | | | ३४।।¯ |

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।